# अजिरकोट गाउँपालिका
**Ajirkot Rural Municipality**
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of The Rural Municipal Executive
भच्चेक,गोरखा गण्डकी प्रदेश, नेपाल
Bhachchek, Gorkha (Gandaki Province, Nepal)


प.सं. :२०७९/०८० (शिक्षा)
च.नं. : ५५

मिति :- २०७९।०४।०८

**विषय :- IEMIS अद्यावधिक गर्ने सम्बन्धमा ।**

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु
अजिरकोट गाउँपालिका गोरखा ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको प.सं. २०७८।७९, च.नं. ११४ मिति २०७९।०३।०९ को पत्रानुसार यस अजिरकोट गाउँपालिका अन्तर्गतका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले प्रत्येक शै.सत्रको शुरु र अन्त्यमा क्रमशः Flash I र Flash II स्कुल census अन्तर्गत विद्युतीय एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विद्यालय शिक्षा सँग सम्बन्धित तथ्याङ्क , सूचनाहरु Web base system मा व्यवस्थापन र संकलन गरी अद्यावधिक गरीदै आएकोमा शै.स २०७९ को IEMIS मिति २०७९ साल श्रावण महिनाको १५ गते भित्र सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले देहाय वमोजिम अनिवार्य रुपमा अद्यावधिक गर्नु हुन अनुरोध छ । तोकिएको अवधि भित्र IEMIS आद्यावधिक नगरी विद्यालयहरुमा उपलब्ध हुने सबै प्रकारका अनुदान बाट वञ्चित हुन परेमा स्वयं विद्यालयका प्र.अ. जिम्मेवारी भइ जाने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल :

क) सबै प्रकार र तहका विद्यालय (मन्टेश्वरी /ECED देखि कक्षा १२ सम्म सञ्चालन भएका) हरुले आआफ्नो विद्यालयको EXCEL Based को IEMIS अनिवार्य रुपमा अद्यावधिक गर्न निर्धारित मिति भित्र स्थानीय तह मार्फत शिक्षा तथा मनाव श्रोत विकास केन्द्रबाट EXCEL BASE IEMIS File प्राप्त गरि पुर्ण रुपले भर्ने ।

ख) यस शै.स मा पनि विद्यालयले प्रयोग गर्ने Excel Base file मा केहि परिमार्जन गरिएकाले अनलाइन ( iemis.cehrd.gov.np मा log in गरि) बाट विद्यालयको excel file download गर्ने र importer मार्फत नयाँ version मा परिवर्तन गरि विवरण अद्यावधिक गर्ने र यस अघि upload गरि सकेका विद्यालयहरुले

प्रमुख प्रशासकीय अधिकृत

अजिरकोट गाउँपालिका
Ajirkot Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
भच्चेक,गोरखा
Bhachchek, Gorkha
गण्डकी प्रदेश, नेपाल
(Gandaki Province, Nepal)

प.सं. :२०७९/०८० (शिक्षा)
च.नं. : ५५

पनि पुन नयाँ file download गरि importer बाट import गरि थप विवरणहरु अद्यावधिक गरि पुन upload गर्ने ।

ग) विद्यालयको नाम , प्रधानाध्यापकको नाम थर र मोबाइल नम्बर, विद्यालय रहेको हालको स्थानीय तहको वडा नं., टोल, विद्यालयको email ठेगाना, स्थापना मिति, बालविकास केन्द्रको संख्या (विद्यालयमा आधारित र समुदायमा आधारित) लगायत विद्यालयको प्रकार, सञ्चालित कक्षा र अनुमति / स्वीकृती मिति अद्यावधिक गर्ने र सबै विद्यालयहरुले आआफ्नो विद्यालयको excel base data को अद्यावधिक गरि सकेपछि अनिवार्य रुपमा iemis web. Portal मा आफ्नो विद्यालयको user account प्रयोग गरि upload गर्ने ।

घ) विद्यालयले excel file मा भएका सबै विवरण प्रधानाध्यापकको रोहबरमा यथार्थ रुपमा अद्यावधिक गर्ने , सो नगरेका कारण विद्यालयले प्राप्त गर्ने अनुदान तथा विद्यार्थीले प्राप्त गर्ने सुविधामा फरक पर्ने भएकाले सबै विवरणहरु त्रृटिरहित तरिकाले सतर्कतापूर्वक भर्ने / अद्यावधिक गर्ने । वास्तविक विवरण नभरेको /अद्यावधिक नगरेका कारण विद्यालय वा विद्यार्थी कुनै सुविधा प्राप्त गर्नबाट वञ्चित भएमा सम्बन्धित प्रधानध्यापक नै जिम्मेवार हुने भएकाले यस कार्यमा प्रधानाध्यापक स्वयंले विषेश ध्यान दिने ।

ङ) साविकको data base मा रहेको प्रधानाध्यापकको मोबइल नं. सँग नमिलेमा iemis file web portal मा upload नहुने भएकाले प्रधानाध्यापकको वस्ताविक नं. उल्लेख गर्ने ।

च) विद्यालय तहको iemis भित्र थप modules को रुपमा विद्यालय लेखा प्रणाली (school accounting system- SAS) समावेश गरिएको छ । आर्थिक वर्ष ०७८।०७९ मा विद्यालय लेखा प्रणाली सम्बन्धमा प्रारम्भिक चरणको अभिमुखिकरण प्राप्त गरेका सबै विद्यालयले अनिवार्य रुपमा यस प्रणालीको कार्यन्वयन गर्ने ।

छ) यस प्रणालीबाट विद्यार्थी परिचय पत्र तयार गर्न सकिने प्रवाधान समावेश गरिएकाले यस शैं.स देखि अनिवार्य रुपमा यसै प्रणालीबाट विद्यार्थी परिचय पत्र तयार गरि वितरण गर्ने र विद्यार्थीले प्राप्त गर्ने सबै प्रकारका सुविधा प्रदान गर्दा अनिवार्य रुपमा उक्त परिचय पत्र पेश गर्नु पर्ने व्यवस्था कार्यन्वयन गर्ने ।

ज) यस प्रणालीमा कोभिड १९ र यस्तै विभिन्न महामारीको समयमा विद्यार्थीको सिकाइ अवस्थाको पहिचान र विपतका कारण भएको क्षति र सो को समाधानका लागी गर्नु पर्ने कार्यको आवश्यकता पहिचानका लागी EIE (education in emergency) Button थप गरिएको छ । उक्त उपप्रणालीमा कोभिडको समयमा भएको शैक्षिक क्षतिको परिपुरणका लागी विद्यालयले गरेका कार्यहरुको विवरण अनिवार्य रुपमा भर्नुहुन र यस Button मा

नि. प्रमुख प्रशासकीय अधिकृत

अजिरकोट गाउँपालिका
Ajirkot Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
भच्चेक,गोरखा गण्डकी प्रदेश, नेपाल
Bhachchek, Gorkha (Gandaki Province, Nepal)


प.सं. :२०७९/०८० (शिक्षा)
च.नं. : ५५

बाढी/पहिरो ,हावाहुरी भूकम्प जस्ता प्राकृतिक प्रकोपबाट भएको शैक्षिक क्षति सम्बन्धि विवरण भर्ने स्थानहरु भएकाले यदि उपर्युक्त कारणबाट विद्यालयमा कुनै क्षति भएमा तत्काल excel file मा विवरण भरी online मा upload गर्ने ।

झ) online बाट विद्यालयको report card download गरेर print गरि उक्त report मा प्राप्त विवरण अभिभावकलाई जानकारी गराउने, सामाजिक परिक्षण समितीलाई उपलब्ध गराउने र सो को प्रतिलिपी सामाजिक प्रतिवेदनको अर्नुसुचीको रुपमा समावेश गरी स्थानीय तहमा पेश गर्ने ।

ञ) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट सम्बन्धन लिई सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (Technical Education in Community School – TECS) सञ्चालन गरिरहेका सामुदायिक माध्यमिक विद्यालयहरुले उक्त कार्यक्रम अन्तर्गत (Pre-diploma /diploma) अध्यायनरत विद्यार्थीको विवरण पनि यस प्रणालीमा प्रविष्ट गर्ने ।

ट) गत वर्ष विवरण अद्यावधिक गर्न छुट भएका विद्यालयहरुले शै.स. २०७७ देखि नै विवरण अद्यावधिक गर्ने ।

(सिताराम पन्त)
नि.प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत


Email: ajirkotrm@gmail.com | Website: www.ajirkotmun.gov.np| Contact: +977 64691170
Facebook Page :www.facebook.com/Ajirkot-Gaupalika-395387254205497/


"दीगो विकास,हाम्रो सोच,
सुन्दर, शान्त, सम्वृद्ध अजिरकोट"